०/८

# बर्दिवास नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बर्दिवास, महोत्तरी

पत्र संख्या :- २०७४/०७५

चलानी नं. :- १ ... १८५२

मिति :-२०७५/०३/०१

विषय : घर बहाल कर बुझाउने सम्बन्धमा ।

श्री........................

............................

विगत वर्षहरुमा आन्तरिक राजस्व कार्यालयहरुमा दाखिला हुँदै आएको १०% घर बहाल कर सम्बन्धमा नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७४ चैत्र १२ गते बसेको बैठकको निर्णय नं. ३ अनुसार तपसिल अनुसार रहेको ।

**अर्थ मन्त्रालय**

(क) आ-आफ्नो क्षेत्रधिकार भित्रका प्राकृतिक व्यक्तिले आर्जन गरेको घर बहाल आयमा लाग्ने घर बहाल कर नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र प्रचलित कानूनको अधिनमा रही सम्बन्धित स्थानीय तहहरुले संकलन गर्ने र आन्तरिक राजस्व कार्यालयहरुले भाडा वापतको आयमा आयकर संकलन नगर्ने ।

(ख) स्थानीय तहलाई घर बहाल कर तिरेको प्राकृतिक व्यक्तिहरुले आर्जन गरेको घर बहाल आयमा संघिय सरकारलाई तिर्न बुझाउन पर्ने चालु आर्थिक बर्षको आय कर आर्थिक ऐन, २०७४ को दफा १९ बमोजिम छुट दिने ।

(ग) यस व्यवस्था पछि घर बहाल कर स्थानीय तहले संकलन गर्ने हुँदा गत बिगत वर्षको लगत समेत करदाताको स्थायी ठेगाना रहेको स्थानीय तहमा आन्तरिक राजस्व कार्यालयले हस्तान्तरण गर्ने ।

(घ) घर बहाल कर संकलन गर्ने निकायबाटै त्यस्तो कर तिर्नेको आय प्रमाणित गर्ने ।

साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ बमोजिम नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, टहरा, ग्यारेज, गोदाम, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिए वापत नगरपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउन सक्ने छ भन्ने व्यवस्था भए अनुसार यस नगरपालिकाको प्रथम नगर सभाबाट स्वीकृत भएको घर बहाल कर २% र माथिको १०% समेत जम्मा वार्षिक १२% को दरले बुझाउनु पर्ने घर जग्गा बहाल कर यही मिति २०७५असार मसान्तसम्म चुक्ता गर्न हुन जानकारीको लागी अनुरोध छ । चालु आ.व. २०७४ को घर बहाल कर आन्तरिक राजस्व कार्यालयमा बुझाएको भएमा भौचर वा नगदी रसिदको प्रतिलिपि पेश गर्नु हुन समेत जानकारीको लागी अनुरोध छ ।

अग्नी प्रसाद अधिकारी
प्रमुख प्रशासकिय अधिकृत

**बोधार्थ**

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री नगर प्रमुख ज्यूको कार्यकक्ष
श्री नगर उप-प्रमुख ज्यूको कार्यकक्ष
श्री सबै वडा कार्यालयहरु १ देखि १४ सम्म
श्री राजस्व इकाई
श्री आर्थिक प्रशासन शाखा